# काठमाडौं महानगरपालिका

# स्थानीय राजपत्र

काठमाडौं महानगरपालिकाद्वारा प्रकाशित

वर्ष १) काठमाडौं, *पुस २४ गते, २०७४* साल (अतिरिक्ताङ्क ४

## भाग १

**काठमाडौं महानगरपालिका नगर कार्यपालिकाको**

**सूचना**

काठमाडौं महानगरपालिका, स्थानीय राजपत्र
प्रकाशन कार्यविधि, २०७४

**प्रस्तावनाः** काठमाडौं महानगरपालिकाको नगरसभाबाट पारित नीति, योजना, कार्यक्रम, बजेट, ऐन तथा अन्य विषय नगर कार्यपालिकाबाट स्वीकृत नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड, निर्णय तथा प्रमुखबाट गरिएका संस्थागत तथा नीतिगत प्रबन्धहरूलाई सार्वजनिक गरी सरोकारवालाहरूको सहज पहुँचमा पुऱ्याई कानूनी शासनलाई संस्थागत गर्न काठमाडौं महानगरपालिकाको आधिकारिक प्रकाशनको रूपमा "काठमाडौं महानगरपालिका स्थानीय राजपत्र" को प्रकाशनलाई व्यवस्थित गर्न यो कार्यविधि नगर कार्यपालिकाबाट मिति २०७४।०९।२४ मा स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको छ ।

(१) **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "काठमाडौं महानगरपालिका, स्थानीय राजपत्र प्रकाशन कार्यविधि, २०७४" रहेको छ । यसपछि काठमाडौं महानगरपालिका, स्थानीय राजपत्रलाई 'स्थानीय राजपत्र' मात्र भनी सम्बोधन गरिनेछ ।

(२) यो कार्यविधि तुरून्त प्रारम्भ हुनेछ ।

(२) **स्थानीय राजपत्रका भागहरुः** काठमाडौं महानगरपालिकाद्धारा प्रकाशन हुने स्थानीय राजपत्रलाई देहाय बमोजिमको ३ भागमा विभाजन गरी प्रकाशन गरिनेछ ।

**भाग -१**

नगरसभाबाट पारित भएका ऐन, बजेट, नीति कार्यक्रम तथा नियमावली, मापदण्ड, कार्यविधि र यस्तै प्रकृतिका अन्य दस्तावेजहरू तथा नगर कार्यपालिकाबाट स्वीकृत नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड एवं अन्य नीतिगत प्रबन्ध एवं निर्णयहरू ।

**भाग -२**

कार्यालयका महत्वपूर्ण सूचना, विज्ञप्ति, र अधिकार प्रत्यायोजन सम्वन्धी विषयहरू ।

**भाग-३**

काठमाडौं महानगरपालिकाका पदपूर्ति सम्बन्धी सूचनाहरू, अधिकृत स्तरका कर्मचारीहरूको नियुक्ति, सरूवा, बढुवा र यस्तै प्रकृतिका महत्वपूर्ण नियुक्ति सम्बन्धी विषयहरू ।

(३) **सम्पादन तथा प्रकाशनः** दफा २ बमोजिमको विभिन्न विषयगत आधारमा प्रकाशन हुने स्थानीय राजपत्रको अन्तिम सम्पादनको काम कानून हेर्ने विषयगत शाखाबाट गरिनेछ ।

(४) **प्रकाशनका पूर्व शर्तहरु :** स्थानीय राजपत्र प्रकाशन गर्नुपूर्व निम्न अवस्था पुरा गरेको हुनुपर्नेछ :-

(१) प्रमुखबाट कानून प्रमाणीकरण भएको हुनुपर्नेछ ।
(२) प्रमुख प्रशासकीय अधिकृतबाट निर्णय प्रमाणित भएको हुनुपर्नेछ ।
(३) प्रमुख प्रशासकीय अधिकृतबाट प्रकाशित हुने ब्यहोरा/कागजात प्रकाशन गर्ने भनी निर्णयका साथमा त्यस्तो लिखत प्रकाशन गर्नु भनी लेखी पठाउनुपर्नेछ ।
(४) प्रकाशित हुने विषय तथा सामाग्री विवादरहित हुनुपर्नेछ ।

**(५)** **अभिलेख र वितरणः** प्रकाशित स्थानीय राजपत्र काठमाडौं महानगरपालिका अन्तर्गतका सबै बिषयगत शाखामा पठाइनेछ र प्रत्येक दुईप्रति अभिलेख प्रयोजनका लागि कानून हेर्ने विषयगत शाखामा राखिनेछ ।

(६) **साज-सज्जा र ढाँचाः** स्थानीय राजपत्रको साज-सज्जा र ढाँचा देहाय बमोजिम उल्लेख गरिएको ढाँचामा बहुरङ्गी नेपाल सरकारको निशाना छाप अङ्कित रहेको स्वरूप र देवनागरी लिपि तथा रञ्जना लिपि भएको महानगरको नामाङ्कित भएको श्यामश्वेत अक्षरमा हुनेछ ।

काठमाडौं महानगरपालिका

स्थानीय राजपत्र........... साल
वर्ष......
भाग.....

प्रकाशित गर्ने अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

**(७)** **स्थानीय राजपत्रको मूल्यः** प्रकाशित स्थानीय राजपत्रको मूल्य सम्बन्धी व्यवस्था प्रत्येक वर्ष आर्थिक ऐनमा उल्लेख गरिए बमोजिम हुनेछ ।

**(८)** **<u>अन्तिम अधिकारः</u>** यस कार्यविधिको अधीनमा रही कुनै पनि विषय स्थानीय राजपत्रमा प्रकाशन गर्ने वा नगर्ने भन्ने सम्बन्धमा द्विविधा भएमा अन्तिम निर्णय गर्ने अधिकार, महानगर प्रमुखमा निहित रहने छ ।

(९) स्थानीय राजपत्र प्रमुख प्रशासकीय अधिकृतको नामबाट प्रकाशित गरिनेछ ।

**(१०)** **<u>अन्य व्यवस्थाः</u>** यो कार्यविधिमा आवश्यक व्यवस्था थपघट, हेरफेर वा संशोधन गर्नुपरेमा नगर कार्यपालिकाले गर्न सक्नेछ ।

प्रमाणीकरण मितिः २०७४।०९।२४

**आज्ञाले,**
**धनिराम शर्मा**
**प्रमुख प्रशासकीय अधिकृत**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू. १० ।-
गो.हु.द.नं. १६।२०६२।६३